लिम्चुङबुङ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड (१०) संख्या (२) बाराहा, उदयपुर, कोशी प्रदेश, नेपाल

कार्यपालिकाबाट पास गरेको मितिः २०८३/२/१३

भाग-२

लिम्चुङबुङ गाउँपालिकाको वालकोष सञ्चालन कार्यविधि, २०८३

लिम्चुङबुङ गाउँपालिकाको कार्यपालिका वैठकबाट स्वीकृत यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।

२०८३ सालको कार्यविधि नं. ०१

स्थानीय राजपत्र

लिम्चुङबुङ गाउँपालिकाको वालकोष सञ्चालन कार्यविधि, २०८३

प्रस्तावनाः

वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ को उपदफा ५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (ग) २९ र दफा ७० अनुसार लिम्चुङबुङ गाउँपालिका भित्रका जोखिम अवस्थामा रहेका वालवालिकाहरुको तत्काल संरक्षण उद्धार र राहत वितरण र पारिवारिक पुनर्स्थापन गर्न तथा वालवालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत संकलन गरी परिचालन गर्न लिम्चुङबुङ गाउँपालिकाले वालकोषको स्थापना गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले वालकोष सञ्चालन कार्यविधि, २०८३ बनाएको हो ।

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिकोनाम वालकोष सञ्चालन कार्यविधि, २०८३ रहेको छ ।

ख. यो कार्यविधि गाउँपालिकाले स्वीकृत गरेको मिति देखि तुरुन्त लागु हुने छ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

क. वालकोष भन्नालेः "यस कार्यविधिको दफा (३) बमोजिम स्थापना गरिएको कोष सम्झनु पर्दछ ।

ख. कार्यालय भन्नालेः "लिम्चुङबुङ गाउँपालिकाको कार्यालय र सो शब्दले वडा कार्यालयलाई समेत सम्झनु पर्दछ" ।

ग. जोखिम अवस्थामा रहेका वालवालिका भन्नाले वालवालिका सम्बन्धी ऐनको दफा (४८) र यस कार्यविधिको दफा (११) मा उल्लेखित वालवालिकालाई सम्झनु पर्दछ ।

घ. वालकोष सञ्चालन समिति भन्नाले कार्यविधिको दफा (५) मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

ङ. वालअधिकार समिति भन्नाले गाउँपालिका स्तरीय वालअधिकार समिति भन्ने सम्झनु पर्दछ ।

३. **वाल कोषको उद्देश्यः**

क. जोखिम अवस्थामा रहेको वालवालिकाको उद्दार गर्ने,

ख. जोखिम अवस्थामा रहेको वालवालिकाहरुलाई राहत उपलब्ध गराउने,

ग. जोखिम अवस्थामा रहेको वालवालिकाहरुलाई पारिवारीक पुनर्स्थापना गर्ने,

घ. जोखिम अवस्थामा रहेका वालवालिकाहरुलाई आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ. जोखिम अवस्थामा रहेका वालवालिकाहरुको वालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

च. वाल विवाह भई जोखिममा परेका वालवालिकाहरुलाई सहयोग गर्ने,

छ. वाल श्रमिकमा रहेका वा वालश्रममा जान सक्ने वालवालिकाहरुलाइ सहयोग गर्ने ।

४. **वालकोषको स्थापनाः**

क. लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भइ जोखिम वा आपतकालिन अवस्थामा रहेको गाउँपालिका स्तरीय एक वाल कोषको स्थापना गरिनेछ ।

ख. वालकोषको खाता गाउँ कार्यपालिकाको निर्णय अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त अधिकृत र आर्थिक प्रशासन शाखा पर्मुखको संयुक्त दस्तखतमा संचालन हुनेछ ।

५. **संचालक समितिको गठन तथा संचालनः** (१) गाउँपालिका स्तरीय वालकोष सञ्चालनको लागि वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ अनुसार गठित गाउँपालिका स्तरीय वाल अधिकार समिति सञ्चालक समितिको रुपमा रहनेछ ।

६. **वाकोषको खाताः** गाउँ कार्यपालिकाको निर्णय अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त वैंकमा खाता खोल्न पर्नेछ । खाता सञ्चालन गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

७. **वालकोष सञ्चालनका लागि संचालक समितिको काम, कर्तव्य र अधिकारः**

क. आपतकालिन वा जोखिम अवस्थामा रहेका वालवालिकाहरुको पहिचान गरी तिनीहरुको तत्कालन उद्वार गर्ने राहत वितरण गर्ने वा पारिवारीक पुनर्मिलन गर्ने गराउने ।

ख. जोखिम अवस्थामा रहेको वालवालिका सम्बन्धी अध्यायन तथा अनुसन्धान गर्ने वा गराउने ।

ग. स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

घ. सहयोगको आवश्यक्ता र उपलब्ध स्रोतको आधारमा प्रतिव्यक्ति बढीमा रु, ५०००।०० सम्म सामाग्री वा नगद सहयोग गर्ने,

ङ. गाउँपालिकाबाट वालवालिका सम्बन्धी अन्य कार्यक्रम कार्यपालिकाबाट स्वीकृत कार्यक्रम भएमा स्वीकृत कार्यक्रमको निर्देशिका अनुसार सहयोग गर्ने,

च. स्वीकृत कार्यक्रम प्रभावकारी कार्यन्वयन भए, नभएको तथा सहयोग प्राप्त वालवालिकाको जीवन सुधार प्रगतिको सम्बन्धमा अनुगमन गर्ने,

छ. वालवालिकाको सहयोगको लागि विभिन्न निकाय तथा संघ संस्थाहरुसंग समन्वय गर्ने,

ज. सहयोग गरिएका वालवालिकाहरुको र सहयोगी संस्थाहरुको विवरण अद्यावधिक गरी राख्ने,

झ. वालकोषको रकम वृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,

ञ. आपतकालिन अवस्थाका वालवालिकाको संरक्षणका लागि अन्य आवश्यक थप कामहरु गर्ने ।

८. **वालकोष संचालन सम्बन्धमा संचालक समितिले देहायका कार्यहरु गर्नु हुँदैनः**

क. वालकोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्ने ।

ख. आपतकालिन अवस्थाका वालवालिकाको हकहित संरक्षण गर्ने कार्यवाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्ने ।

९. **संचालक समितिको वैठकः** आपतकालिन अवस्थामा वालवालिकाहरुको संरक्षणको लागि गाउँपालिकास्तरीय वाल अधिकार समितिमा परेको निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको वैठक देहाय बमोजिम बस्नेछ ।

क. संचालक समितिको वैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार वस्नेछ ।

ख. संचालक समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र यदि निजको अनुपस्थिति भएमा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

ग. संचालक समितिले सहमतिको आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ. समितिमा तत्काल कायम रहेको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ. संचालक समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

१०. **संचालक समितिको सम्पर्क स्थानः** गाउँपालिकामा महिला तथा वालवालिका शाखा सम्पर्क कार्यालयको रुपमा रहनेछ ।

११. **लेखा परिक्षणः** वालकोषको लेखा परीक्षण लिम्चुङबुङ गाउँपालिकाको कार्यालयबाट हुनेछ ।

१२. **आपतकालिन एवं जोखिम अवस्थाका वालवालिका अन्तर्गत देहायका बालवालिकाहरु पर्दछनः**

क. वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्ले गरिएका वालवालिकाहरु,

ख. यौन शोषण, यौन दुर्व्यावहारबाट पिडित,

ग. शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यावहारबाट पिडित,

घ. आपतमा भएका,

ङ. दुर्घटनामा परेका वा प्राकृतिक विपदमा परेका,

च. हिंसाबाट प्रभावित एवं पिडित भएका,

छ. हराएका वा वेवारिसे अवस्थामा फेला परेका,

ज. ऋणको कारण बन्धकमा रहेका वा जवरजस्ती श्रममा लगाइ पिडित भएका,

झ. बाबु/आमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,

ञ. बाबु/आमा कारागार वा हिरासतमा रहेको वाल जबरजस्ती श्रममा लगाई पिडित रहेको कारणले वेवारीसे भएका,

ट. सुस्त मनस्थिति भएका,

ठ. अपरहण वा शरीर बन्धकमा परेका,

ड. सडक वालवालिका,

ढ. एच.आई.भि. संक्रमित तथा प्रभावित भएका,

ण. जोखिमपूर्ण श्रममा संलग्नता रहेका,

त. वाल विवाह गरी विद्यालय छोडेका वा अन्य जोखिममा रहेका,

थ. वालश्रममा संलग्न र वालश्रममा जानसक्ने अवस्था भएका वालवालिका,

द. गाउँपालिका स्तरीय वाल अधिकार समितिले तोकेको अन्य वालवालिका,

ध. संचालक समितिले आपतकालिन अवस्थामा रहेका भनि ठम्याएका अन्य वालवालिका ।

१३. **सहयोगको लागि निवेदन दिन सक्नेः** कार्यविधिको दफा १२ र वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेख गरिएका वालवालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरिएका वालवालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी लिम्चुङबुङ गाउँपालिका अन्तर्गत महिला तथा वालवालिका शाखा वा वडा कार्यालयमा जुनसुकै सरोकारवाला/व्यक्तिले सम्पर्क कार्यालयमा वालवालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

१४. **सहयोग दिने प्रकियाः** प्राप्त निवेदनको आधारमा गाउँपालिका स्तरीय वालअधिकार समिति र वडा वाल अधिकार समितिले प्राथमिकताको आधारमा सहयोगको लागि निर्णय गरी सहयोग प्रदान गर्नेछ । तत्काल आवश्यकता रहेका वालवालिकाहरुलाई सहयोग गर्नु पर्ने अवस्थामा वालवालिकाहरुलाई तत्काल वालकोषको खाताबाट सहयोग प्रदान गरिनेछ र प्रदान गरेको सहयोगलाई आगामी दिनको पहिलो वैठकबाट सहयोग गरिएको रकमलाई समितिको निर्णयबाट अनुमोदन गर्नु पर्नेछ ।

१५. **प्रगति प्रतिवेदनः** गाउँपालिका स्तरीय वाल अधिकार समिति र वडा वालसंक्षण समितिले वालकोषबाट सहयोग गरेका वालवालिकाहरुको विवरण, वालकोषको आय व्यय विवरण सहितको विस्तृत प्रतिवेदन तयार गरी वार्षिक कार्यप्रगति विवरण गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयहरुमा एक/एक प्रति पेश गर्न सक्नेछ ।

१६. **कोषको रकम फ्रिज नहुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभएको आर्थिक वर्षको अन्त्यमा बाँकि रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१७. **अन्य खर्चः** कोषको संचालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा वालउद्धार गर्ने क्रममा हुने यातायात वापत कर्च गर्न सक्नेछ ।

१८. **कार्यविधि संशोधन वा खारेजः** कार्यविधिमा कुनै दफा संशोधन वा खारेज गर्न आवश्यक भएमा संचालक समितिको सिफारिसमा कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

१९. **कोष खारेज हुन सक्ने अवस्थाः** कुनै कारणबस कोष संचालन गर्न आवश्यक नभएमा पर्याप्त कारणहरु सहित संचालक समितिको सिफारिसमा गाउँ कार्यपालिकाले बालकोष खारेज गर्न सक्नेछ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिका स्तरीय वाल अधिकार समिति र वाल संरक्षण समितिको अगुवाईमा वालहितकारी कार्यक्रम गर्न सक्नेछ ।

प्रकाशित मिति २०८३/२/१८

आज्ञालेः

सन्देश राई

प्रमुख प्रशासकीय अधिकृत